# १२२ औं गाउँ कार्यपालिकाको बैठक

कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८१ साल माघ २६ गते दिउँसो १२:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८१/०८२ को १२२औं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बिमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री तीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १५ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | श्री खगेन्द्र बहादुर शाही | प्रशासन शाखा प्रमुख | |
| २ | श्री विष्णु प्रसाद आचार्य | लेखा अधिकृत | |
| ३ | श्री जिवराज खत्री | प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश कुमार आचार्य | प्राविधिक सहायक(शिक्षा) | |
| ५ | श्री बिर बहादुर चौधरी | सहयोगी | |

CamScanner

## १२२ औं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. कपुरकोट गाउँपालिका आर्थिक विधेयक, २०८१ र कपुरकोट गाउँपालिका विनियोजन विधेयक, २०८१ लाई संसोधन गर्ने प्रस्ताव स्वीकृत सम्बन्धमा ।

२. राजस्व परामर्श समितिको सिफारिस अनुमोदन सम्बन्धमा ।

३. घरजग्गा अभिलेखीकरण सम्बन्धी कार्यविधि स्वीकृत सम्बन्धमा ।

४. विविध छलफल सम्बन्धमा।

४.१. राष्ट्रपति रनिङ्सिल्ड प्रतियोगिता, २०८१का लागि सामुदायिक विद्यालयलाई अनुदान प्रदान गर्ने सम्बन्धमा।

४.२. कर्मचारीको स्तरवृद्ध सम्बन्धमा।

४.३. गाउँपालिकाको प्रतिक चिन्ह निर्माण सम्बन्धमा।

४.४. सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा।

४.५. कर्मचारी प्रोत्साहन तथा कर्मचारी पुरस्कृत गर्ने मापदण्ड निर्माण गर्ने सम्बन्धमा।

४.६. कर्मचारीको पदस्थापन सहमती सम्बन्धमा।

४.७. लेटरप्याड स्वीकृत सम्बन्धमा।

४.८. महिला उत्थान कार्यक्रम सञ्चालन सम्बन्धमा।

४.९. स्रोत सुनिश्चितता सम्बन्धमा।

४.१०. कार्यप्रगती समीक्षा सम्बन्धमा।

## २०८१ माघ २६ गते बसेको १२२ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | कपुरकोट गाउँपालिका आर्थिक विधेयक, २०८१ र कपुरकोट गाउँपालिका विनियोजन विधेयक, २०८१ लाई संसोधन गर्ने प्रस्ताव स्वीकृत सम्बन्धमा | कपुरकोट गाउँपालिका आर्थिक विधेयक, २०८१ र कपुरकोट गाउँपालिका विनियोजन विधेयक, २०८१ लाई संशोधन गर्न आवश्यक रहेको। | चालु आवका स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये केही योजना तथा कार्यक्रमहरु संशोधन गर्ने र केही अत्यावश्यक योजना तथा कार्यक्रमहरु थप गर्नु पर्ने भएको भनी बजेट तर्जुमा समितिबाट सिफारिस भई आएकोले पेश हुन आए बमोजिमको अनुसूची १ को विवरण अनुमोदन गरी स्वीकृतिका लागि कपुरकोट गाउँपालिका, गाउँसभामा पेश गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| २ | कार्यविधि स्वीकृत सम्बन्धमा। | कपुरकोट गाउँपालिकाको पुराना घरजग्गा अभिलेखीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८१ लाई आवश्यक छलफल गरी स्वीकृत गर्नु पर्ने। | कपुरकोट गाउँपालिकामा नक्सापास नगरी निर्माण भएका घरहरुको अभिलेख गर्ने प्रयोजनका लागि पेश हुन आएको पुराना घरजग्गा अभिलेखीकरण गर्ने सम्बन्धी कार्यविधि, २०८१ माथि छलफल गरी स्वीकृत गर्नु पर्ने। साथै २०८१ चैत्र मसान्त सम्म म्याद कायम गरी उक्त कार्यविधि अनुरुप घर अभिलेखीकरणका लागि सूचना प्रकाशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | पूर्वाधार शाखा |
| ३ | राजस्व परामर्श समितिको सिफारिस अनुमोदन सम्बन्धमा | राजस्व परामर्श समितिको मिति को निर्णय तथा सिफारिस बमोजिम कपुरकोट गाउँपालिका आर्थिक ऐन, २०८१ मा आवश्यक संशोधन गर्नु परेको। | राजस्व परामर्श समितिको सिफारिस अनुसार कपुरकोट गाउँपालिका आर्थिक ऐन, २०८१ मा आवश्यक संशोधन गरी अनुसूची २ बमोजिम कर, शुल्क तथा दस्तुरका दररेट कायम गर्नु पर्ने भएकोले राजस्व परामर्श समितिको सिफारिस अनुमोदन गरी स्वीकृतिका लागि गाउँसभामा पेश गर्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | राजश्व शाखा |
| ४ | विविध प्रस्ताव सम्बन्धमा। | ४.१कर्मचारीको स्तरवृद्धि सम्बन्धमा | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेशको च.नं. १७२८, मिति २०८१/१०/०४ को पत्रानुसार यस कार्यालयमा पदस्थापन हुनु भएका अधिकृत स्तर सातौं तहमा कार्यरत श्री मोहन खड्काले स्तरवृद्धिका लागि निवेदन दिएकोले कर्णाली प्रदेश स्थानीय सेवा(सञ्चालन तथा व्यवस्थापन) ऐन,२०८१ को दफा २६ को उपदफा (१) र उपदफा(९) बमोजिम २०८१ साल माघ महिनाको १ गतेदेखि लागु हुने गरी स्तरवृद्धि गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| | | ४.२.राष्ट्रपति रनिङ्सिल्ड प्रतियोगिता, २०८१का लागि सामुदायिक विद्यालयलाई अनुदान प्रदान गर्ने सम्बन्धमा। | राष्ट्रपति रनिङ्सिल्ड प्रतियोगिता, २०८१का लागि गाउँपालिकाले विनियोजन गरेको बजेट मध्येबाट यस गाउँपालिका अन्तर्गतका ५ वटा सामुदायिक विद्यालयहरुमध्ये आयोजक विद्यालय कालिका मा.वि. कपुरकोटलाई रु. १ लाख र अन्य विद्यालयलाई रु. ७० हजारको दरले अनुदान प्रदान गर्ने र कार्य सम्पन्न भएपश्चात बिल भरपाईको आधारमा विद्यालयमा भुक्तानी दिने । | | |
| | | ४.३.गाउँपालिकाको | यस गाउँपालिकाको आफ्नै प्रतीक चिन्ह | "पेश भए | प्रशासन |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रतिक चिन्ह निर्माण सम्बन्धमा। | भएको सन्दर्भमा उक्त प्रतिक चिन्ह निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने र सोको पुरस्कार राशी रु. २५ हजार उपलब्ध गराउने गरी गाउँ कार्यपालिकाको कार्यालयलाई स्वीकृति प्रदान गर्ने। | बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | शाखा |
| | | ४.४.सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन सम्बन्धमा। | सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन,२०६४ अनुसार अब उप्रान्त सार्वजनिक सुनुवाई कार्यक्रम प्रत्येक चौमासिक रुपमा सञ्चालन गर्ने र चालु आ.व.को पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८१।११।२७ गाउँपालिका सभाहलमा सञ्चालन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| | | ४.५.कर्मचारी प्रोत्साहन तथा कर्मचारी पुरस्कृत गर्ने मापदण्ड निर्माण गर्ने सम्बन्धमा। | कर्मचारीहरुलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराउने र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुको मनोबल उच्च गराउन पुरस्कृत गर्ने परिपाटिको विकास गर्न कर्मचारी प्रोत्साहन तथा कर्मचारी पुरस्कृत गर्ने मापदण्ड निर्माण गर्न प्रक्रिया अघि बढाउने । | | प्रशासन शाखा |
| | | ४.६.कर्मचारीको पदस्थापन सहमती सम्बन्धमा। | दार्मा गाउँपालिका सल्यानमा पदाधिकार रही यस गाउँपालिकामा काजमा खटिनु भएकी सिनियर अनमी श्री [illegible] शर्मा ले यस गाउँपालिकामा पदस्थापनका लागि सहमती माग गरेकोले निजलाई पदस्थापनको सहमति प्रदान गर्ने। | | स्वास्थ्य शाखा |
| | | ४.७.लेटरप्याड स्वीकृत सम्बन्धमा। | गाउँपालिका र मातहतका निकायमा आधिकारिक लेटर हेडको प्रयोगमा एकरुपता कायम हुन सकेको नदेखिएकोले लेटर हेडको प्रयोगमा एकरुपता कायम गराउन अनुसूची ३ अनुसारको ढाँचाको लेटर हेड डिजाइन स्वीकृत गरी प्रयोगमा ल्याउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| | | ४.८.कार्यप्रगती समीक्षा सम्बन्धमा | यस कार्यपालिकाको बैठकबाट भए गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको समीक्षा हुन उपयुक्त देखिएकोले प्रत्येक बैठकमा सो बैठक पूर्वका बैठकहरुले गरेको निर्णयहरुको कार्यप्रगती समीक्षा पेश गर्ने गराउने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| | | ४.९.महिला उत्थान | चालु आ.व.मा विनियोजित महिला उत्थान | "पेश भए | महिला |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यक्रम सञ्चालन सम्बन्धमा। | कार्यक्रम सञ्चालन गर्न छुट्टै कार्यविधि नभएकोले गाउँपालिकाबाट पूर्व स्वीकृत उपाध्यक्ष संग आमा तथा दिदिबहिनी कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसारनै महिला उत्थान कार्यक्रम कार्यान्वयन गर्ने। | बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | बालबालिका ईकाई |
| | | ४.१०. नपुग स्रोतको सुनिश्चिता गर्ने सम्बन्धी / | ४.१०.१.यस गाउँपालिकाको चालु वर्षको स्वीकृत प्रसुती गृह भवन निर्माण योजना वडा नं.५ को लागि यो चालु वर्षम ३० लाख रुपैयामात्र विनियोजन भएकोमा लागत अनुमान रु. १ करोड स्वीकृत भएकोले उक्त लागत अनुमानलाई अनुमोदन गरी नपुग बजेट अर्को आर्थिक वर्षमा गाउँसभाबाट सुनिश्चित गर्ने।<br>४.१०.२. यस गाउँपालिकाको चालु वर्षको स्वीकृत अस्थायी प्रहरी पोष्ट भवन निर्माण योजनाको लागि यो चालु वर्षम १५ लाख रुपैयामात्र विनियोजन भएकोमा लागत अनुमान रु. २४ लाख बराबर स्वीकृत भएकोले उक्त लागत अनुमानलाई अनुमोदन गरी ठेक्का संझौता पश्चात बजेट नपुग भएमा आउँदो वर्षे अधिवेशनको गाउँसभाबाट नपुग बजेट सुनिश्चित गर्ने। | पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना शाखा/ पूर्वाधार शाखा |

प्रमुख प्रशासकीय अधिकृत